बैठक संख्या:१४५

आज मिति २०८३।०५।१९ गते यस गाउँपालिकाका अध्यक्ष श्री माधव प्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो।

उपस्थिति:

क्र.सं.	नाम,थर	पद	दस्तखत
१	श्री माधव प्रसाद अर्याल	अध्यक्ष	
२	श्री चमेली गुरुङ	उपाध्यक्ष	
३	श्री मारसिंङ तामाङ	वडा अध्यक्ष	
४	श्री टुकु प्रसाद सुवेदी	वडा अध्यक्ष	
५	श्री लाल बहादुर तामाङ लामा	वडा अध्यक्ष	
६	श्री अमर बहादुर बुलुन	वडा अध्यक्ष	
७	श्री यमनाथ आचार्य	वडा अध्यक्ष	
८	श्री ज्ञानु वि.क	सदस्य	
९	श्री बुटी तामाङ	सदस्य	
१०	श्री शान्ति माया तामाङ	सदस्य	
११	श्री पुतली विश्वकर्मा	सदस्य	पुतली
१२	श्री पूर्ण बहादुर घले	सदस्य	
१३	श्री राम बहादुर विश्वकर्मा	सदस्य	
१४	श्री जयराम उप्रेती	सचिव	

उत्तरगया गाउँपालिका
कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

मिति २०८३।०५।१९ गते बसेको गाउँ कार्यपालिकाको बैठकका निर्णयहरुः

निर्णयहरु १.

मिति २०८३।०५।१० गतेको भोटेकोशी नदीमा आएको बाढीको कारण सम्पर्क विहिन तथा मृत्यु हुनु भएका कार्यपालिका सदस्य श्री ज्ञानु वि. क. सहित कर्मचारी, शिक्षक र उत्तरगया गाउँपालिका निवासी नागरिक तथा पर्यटकहरु प्रति दुःख व्यक्त गर्ने निर्णय गरियो।

निर्णयहरु २

मिति २०८३।०५।१० गतेको भोटेकोशी नदीमा आएको बाढीको आम नागरिकलाई सुसूचित गराउन माइकिङ गर्ने शिलसिलामा बाढीबाट मृत्यु तथा सम्पर्क विहिन भएका तपसिलका कर्मचारी तथा कार्यलयको कामको शिलशिलामा बाढीमा परेका शिक्षकहरुलाई राष्ट्र सेवक कर्मचारीहरुको कार्यालय कामको शिलशिलामा भएको दुखद घटनाको राहत तथा क्षतिपूर्ति सम्वन्धी व्यवस्थाको लागि प्रदेश तथा संघ सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो।

तपसिलः

क्र.सं.	विवरण	ठेगाना	कार्यरत कार्यालय	कैफिय
१	बलराम न्यौपाने	उत्तरगया गा.पा.-४ रसुवा	उत्तरगया गाउँपालिका	जनस्वास्थ्य निरीक्षक
२	प्रदिप न्यौपाने	उत्तरगया गा.पा.-४ रसुवा	उत्तरगया गाउँपालिका	जनस्वास्थ्य अधिकृत
३	जनक आचार्य	उत्तरगया गा.पा..-५, रसुवा	उत्तरगया गाउँपालिका	सूचना प्रविधि अधिकृत (मृतक)
३	दिनिसा शाही	मुड्केचुला गा.पा.-१, डोल्पा	मैलुङ सा स्वा इकाइ	अ न मी
४	रेप्पा तामाङ	उत्तरगया गा.पा.-१ रसुवा	उत्तरगया गाउँपालिका	का.स.
		वेपत्ता शिक्षक तथा विद्यालय कर्मचारीको विवरण		
१	मिननाथ न्यौपाने	उत्तरगया गा.पा- ४	गणेश आ वि	शिक्षक
२	रमेश लामिछाने	उत्तरगया गा.पा- ५	नव विजयी महेन्द्र मा वि	शिक्षक
३	संजिव तामाङ	उत्तरगया गा.पा- ५	नव विजयी महेन्द्र मा वि	शिक्षक
४	नारायण बहादुर थापा		निलकण्ठ मा वि	शिक्षक
५	अजय कुमार यादव		निलकण्ठ मा वि	शिक्षक
६	ममता श्रेष्ठ	विदुर न पा १० नुवाकोट	निलकण्ठ मा वि	विद्यालय निर्स
७	मनमाया तामाङ	उत्तरगया गा पा १ रसुवा	निलकण्ठ मा वि	बाल बिकास शिक्षक
८	सुक बहादुर तामाङ	उत्तरगया गा पा १ रसुवा	तिरु आ वि	शिक्षक

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

१९

निर्णयहरु ३

मिति २०८३।०५।१० गतेको भोटेकोशी नदीमा आएको वाढीको कारण गाउँ कार्यपलिका भवन लगायत तपसिलका कार्यालयहरु र विद्यालयहरु पूर्ण क्षति भएको (अस्तित्वनै नरहने गरी) विषय कार्यपालिकालाई जानकारी भयो।

तपसिलः

- वडा नं. १ कार्यालय भवन,
- सामुदायिक स्वास्थ्य वडा नं.१ मैलुङ
- कृषि तथा पशु सेवा सम्पर्क केन्द्र वडा नं.१
- उत्तरगया आँखा केन्द्र वडा नं. ५
- चिप्लेटी आ.वि वडा नं.१
- मालिका देवि आ वि वडा नं ४
- ट्रिनिटि बोर्डिङ स्कुल वडा नं. ५

बाढीबाट क्षति भएका उत्तरगया गाउँपालिका लगायतका क्षेत्रहरु नेपाल सरकारले मिति २०८३ ।०५।११ को राजपत्र प्रकाशन गरी संकटग्रस्त क्षेत्र घोषणा गरिसकेको अवस्थामा स्थानीय तहको सार्वजनिक सेवालई निरन्तरता दिन मिति २०८३।०५।१० गतेको भोटेकोशी नदीमा आएको बाढीको कारण सो भवनहरु क्षति भएकोले तत्काल वडा नं. १ कार्यालय र गाउँ कार्यपालिकाको कार्यालय सन्चालन गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन २०६४ को परिच्छेद १०, दफा ६६ विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम खरिद गरी सार्वजनिक सेवा सञ्चालन गर्ने निर्णय गरियो।

निर्णयहरु ४

मिति २०८३।०५।१० गतेको भोटेकोशी नदीमा आएको बाढीले वडा नं १ कार्यालय, गाउँपालिकाको प्रशासनिक भवन पूर्ण क्षति भएकोले निम्न स्थानमा अस्थायी सम्पर्क कार्यालय स्थापना गर्ने निर्णय गरियो।

1) वडा नं १ कार्यालयः उत्तरगया गाउँपालिका वडा नं ५ वोगटीटारमा
2) गाउँपालिकाको कार्यालयः उत्तरगया गाउँपालिका वडा नं ५ स्थित सामुदायिक वनमा रहेको निर्माणाधिन स्वास्थ्य संस्थाको भवनमा सञ्चालन गर्ने।

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपौवा, रसुवा
बागमती प्रदेश, नेपाल

निर्णयहरु ५

मिति २०८३।०५।१० गतेको भोटेकोशी नदीमा आएको बाढीबाट क्षति भएका उत्तरगया गाउँपालिका लगायतका क्षेत्रहरु नेपाल सरकारले मिति २०८३ ।०५।११ को राजपत्र प्रकाशन गरी संकटग्रस्त क्षेत्र घोषणा गरिसकेको अवस्थामा यस पालिका क्षेत्र भित्र तत्काल राहतका कृयाकलाप सञ्चालन गर्न नसकेमा गम्भिर मानवि संकट सृजना हुन सक्ने पक्षलाई ध्यानमा राख्दै विशेष साधारण सभाबाट अनुमोदन हुने गरी सम्पर्क विहिन तथा मृतक परिवारको लागि प्रति परिवार रु २५००० (पच्चीस हजार मात्र) आवश्यक बमोजिम समानिकरण अनुदान तर्फको रकम रकमान्तर गरी विपद् व्यवस्थापन कोष मार्फत राहात रकम उपलब्ध गराउने निर्णय गरियो।

निर्णयहरु ६

मिति २०८३।०५।१० गतेको भोटेकोशी नदीमा आएको बाढीको आम नागरिकलाई सुसूचित गराउन माइकिङ गर्ने शिलसिलामा बाढीबाट मृत्यु तथा सम्पर्क विहिन हुनु भएका शिक्षक तथा कर्मचारीहरुलाई पालिकाबाट उचित क्षतिपूर्तिको सिफारिस गर्न उपाध्यक्षको संयोजकत्वमा तपसिल बमोजिम समिति निर्माण गर्नेः

संयोजकः श्री चमेली गुरुङ (कार्यपालिका उपाध्यक्ष)

सदस्यः श्री अमर बहादुर बुलुन (वडा अध्यक्ष)

सदस्यः श्री यमनाथ आचार्य (वडा अध्यक्ष)

सदस्य सचिवः श्री बोधराज पाठक (शिक्षा युवा तथा खेलकुद शाखा, शाखा प्रमुख)

निर्णयहरु ७

मिति २०८३।०५।१० गतेको भोटेकोशी नदीमा आएको बाढीको कारण गाउँ कार्यपलिका भवन लगायत अन्य कार्यालयहरु पूर्णरुपमा क्षती भएको उक्त बाढीले क्षति भएका उत्तरगया गाउँपालिका लगायतका क्षेत्रहरु नेपाल सरकारले मिति २०८३ ।०५।११ को राजपत्र प्रकाशन गरी संकटग्रस्त क्षेत्र घोषणा गरिसकेको अवस्थामा स्थानीय तहको सार्वजनिक सेवालई निरन्तरता दिन उत्तरगया गाउँपालिका वडा नं ५ लहरेमा अवस्थित पालेको सामुदायिक वनमा गाउँपालिका प्रशासकीय भवन सम्बन्धी मापदण्ड बमोजिम प्रशसकीय भवन तत्काल निर्माण गर्न उपयुक्त जग्गा प्राप्तिको आवश्यक व्यवस्थाको लागि जिल्ला विपद् व्यवस्थापन समिति सहित सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

निर्णयहरु ८

मिति २०८३/०५/१० गते भोटेकोसी नदीमा आएको विनासकारी बाढीबाट क्षति भएका कागजातको प्रतिलिपि सिफारिस गर्दा कार्यपालिकाबाट लिइदै आएको सेवा शुल्क बाढी पिडित नागरिकका हकमा मिनाहा गरि निःशुल्क गर्ने निर्णय गरियो ।

२१९३

उत्तरगया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लहरेपीवा, रसुवा
बागमती प्रदेश, नेपाल